# मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरूका लागि दिग्दर्शन

**Naglieri Nonverbal Ability Test® (NNAT3)**

मूल्याङ्कनहरूले विद्यार्थी, बुवा-आमा र शिक्षकहरूलाई विद्यार्थीहरूले 21 औं शताब्दीका तयार गरिएको ग्रेड स्तर र विषयसूचीका मानकहरूमा दक्षता हासिल गरेका छन् कि छैनन् र उनीहरू ग्रेजुएट गर्ने बाटोमा छन् कि छैनन् भन्ने मूल्यवान् जानकारी उपलब्ध गराउँछ। यी मूल्याङ्कनका नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिका प्रमाणहरूको समूहबाट एउटा मापन प्रदान गर्नेछ भन्ने मनसाय राखिन्छ ।

## यो मूल्याङ्कन भनेको के हो ?

NNAT3 अमौखिक क्षमता परीक्षण (Naglieri Nonverbal Ability Test®) को संक्षिप्त रूप हो । यो छोटो हुन्छ र यसले साधारण बौद्धिक क्षमताको अमौखिक नाप प्रदान गर्छ र यसले औसत विद्यार्थीको तुलनामा अङ्क प्रदान गर्छ । NNAT3 मा मौखिक सामाग्री हुँदैन, यसमा सर्वमान्य ज्यामितीय आकारहरू हुन्छन् र यसमा चित्रमय निर्देशनहरू र थोरै मात्रामा मौखिक निर्देशनहरू हुन्छन् ताकी यसलाई सीमित शैक्षिक अनुभवहरू भएका, विविध सांस्कृतिक, सामाजिक आर्थिक, वा भाषिक पृष्ठभूमिबाट आएका, भाषासम्बन्धी अशक्तता वा अटिजम स्पेक्ट्रम डिसअर्डर भएका वा बहिरा वा कमजोर श्रवण शक्ति भएका विद्यार्थीहरू सहितका विभिन्न किसिमका विद्यार्थीहरूको लागि पहुँचयोग्य बनाउन सकियोस् ।

NNAT3 मा चित्रात्मक रूपमा 48 वटा वस्तुगत प्रश्नहरू हुन्छ । जाँच विद्यार्थीको प्रतिक्रियामा आधारित हुन्छ तर विद्यार्थीलाई जाँच पूरा गर्न 30 मिनेट समय प्रदान गरिन्छ । विद्यार्थीहरूले जाँच पूरा गर्नु अगाडि आफ्नो उत्तरहरू जाँच गर्न सक्छन् ।

## मेरो बच्चालाई कहिले जाँच गरिन्छ ?

उत्कृष्ट बालबालिकासम्बन्धी शैक्षिक ऐन (Exceptional Children's Educational Act वा ECEA) को पालनाका लागि, विद्यार्थी जीवनको सुरुमा विशेष शिक्षा सेवाहरू आवश्यक पर्ने विद्यार्थीहरू पहिचान गर्ने उपायको रूपमा Gifted and Talented (GT) विभागले सर्वमान्य परीक्षण प्रक्रिया कार्यान्वयन गर्छ ।

सबै विद्यार्थीहरूलाई सबैभन्दा उपयुक्त वातावरणमा सहयोग प्राप्त गर्ने अवसर प्रदान गर्ने उदेश्यले किन्डरगार्टन, ग्रेड 2 र 6 का DPS का सबै विद्यार्थीहरूको फलमा Naglieri Nonverbal Ability Test® (NNAT) प्रयोग गरेर स्वचालित रूपमा परीक्षण गरिन्छ ।

परीक्षण अनलाइन ढाँचामा हुन्छ र पूरा गर्न लगभग 30 मिनेट समय लाग्छ । NNAT3 त्यस्तो परीक्षा होइन जसको अध्ययन गरेर तयारी गर्न सकिन्छ वा गर्नु पर्दछ । NNAT3 ले तपाईंको विद्यार्थीको क्षमताको चित्र प्रदान गर्छ । त्यसैले उनीहरूले NNAT3 का लागि अध्ययन गर्नु पर्दैन । बच्चाले पर्याप्त आराम पाएका छन्, बिहान राम्रो खाजा खाएका छन् भनेर सुनिश्चित गरेर तपाईं आफ्नो बच्चालाई सहयोग गर्न सक्नुहुन्छ र उनीहरूलाई सकेसम्म प्रयास गर्न प्रोत्साहित गर्नुहोस् ।

**परीक्षण अवधिहरू**

तपाईंले तपाईंको विद्यार्थीको विद्यालयमा परीक्षण मिति भन्दा अगाडि परीक्षा र मितिको तालिका भएको "परीक्षणको आशय" पत्र प्राप्त गर्नुहुनेछ ।  निश्चित परीक्षण मितिका लागि कृपया आफ्नो बच्चाका शिक्षकलाई सम्पर्क गर्नुहोस् ।

| | |
|---|---|
| ग्रेड 6 | सेप्टेम्बर |
| ग्रेड 2 | अन्तिम सेप्टेम्बर-मध्य अक्टोबर |
| किन्डरगार्टनका विद्यार्थीहरू | मध्य अक्टोबर- नोभेम्बरको सुरुमा |

## मेरो बच्चाले कस्तो अङ्क प्राप्त गर्ने छन् ?

बच्चाको NNAT का अङ्कहरू शतांशमा प्रदान गरिन्छ जसले तपाईंको विद्यार्थीको नतिजा U.S. जनसङ्ख्यालाई प्रतिनिधित्व गर्ने समान उमेर वा ग्रेड समूहका विद्यार्थीहरूसँग तुलना गर्छ । शतांश स्थानले समान उमेरका कति प्रतिशत विद्यार्थीहरूले तपाईंको विद्यार्थीसँग समान वा विद्यार्थी भन्दा कम अङ्क प्राप्त गरे भनेर तपाईंलाई बताउँछ । उदाहरणको लागि, कुनै विद्यार्थीले 90 औं शतांश स्थानमा अङ्क प्राप्त गरे भने त्यसको अर्थ उसले समान उमेर वा ग्रेडका 90% विद्यार्थीहरू बराबर वा त्यो भन्दा भन्दा राम्रो अङ्क प्राप्त गरे भन्ने हुन्छ । शतांश स्थान 1 देखि 99 अङ्कको दायरा भित्र पर्छ र 50 औं शतांश अङ्क सोही विद्यार्थीको उमेर समूहका लागि औसत अङ्क हुन्छ ।

## यी अङ्कहरू कसरी प्रयोग गरिनेछ ?

यो सर्वमान्य परीक्षणको प्रयोजन भनेको गुणवान् विद्यार्थी पहिचान गर्न सहयोग गर्ने प्रमाणहरूको समूह निर्माण गर्न धेरै भन्दा धेरै जानकारी र तथ्याङ्क सङ्कलन गर्नुका साथै गुणवान् विद्यार्थीको म्याग्नेट साइट कार्यक्रमहरूको योग्यताको सम्बन्धमा शैक्षिक भर्नाका उपयुक्त निर्णयहरू गर्न प्रेरित गर्नु हो । *यी अङ्कहरू प्रमाणहरूको समूहका लागि सङ्कलन गरिएको जानकारीको हिस्सा हुन् । यसको मतलब भनेको एउटा परीक्षणको अङ्कले मात्र विद्यार्थी गुणवान् र प्रतिभाशाली हुन भनेर पहिचान गर्दैन ।*

गुणवान् विद्यार्थी पहिचान गर्ने कार्य प्रमाणहरूको समूहमा आधारित हुनु पर्छ, जसमा मानकीकृत मूल्याङ्कनका नतिजाहरू माथिल्लो स्तरहरूमा हुनु जरुरी हुन्छ । प्रमाणहरूको समूहको विकास अभिभावकको अनुरोध आवश्यक नपर्ने चालू प्रक्रिया हो । प्रमाणहरूको समूहमा अनिवार्य रूपमा माथिल्लो स्तरका क्षमताहरू प्रदर्शन गर्ने निम्न मापदण्डको सम्मिश्रण हुनु पर्दछ: कामको पोर्टफोलियो, अङ्कसम्बन्धी निर्देशिका, प्रदर्शन, अवलोकनहरू, जाँचसूची र/वा अन्तर्वार्ताहरू । विद्यार्थीका शैक्षिक आवश्यकताहरू र गुणवान् विद्यार्थीको सहयोगको सबैभन्दा उपयुक्त स्तर निर्धारण गर्न सबै जानकारी उच्च योग्यता भएको टोलीद्वारा पुनरावलोकन र मूल्याङ्कन गरिन्छ । आवश्यकताको स्तर अनुसार तपाईंका विद्यार्थीले गुणवान् विद्यार्थीलाई प्रदान गरिने सेवाहरूको योग्यता पूरा गर्न वा नगर्न सक्छन् ।

विद्यार्थीहरूलाई तीनवटा श्रेणिहरूमा पहिचान गरिन सक्छ: शैक्षिक योग्यता, विशिष्ट प्रतिभासम्बन्धी योग्यता, वा साधारण बौद्धिक क्षमता शैक्षिक क्षेत्रहरूमा :पठन, लेखन, गणित, विज्ञान, सामाजिक अध्ययन तथा विश्व भाषा पर्छन् । प्रतिभासम्बन्धी योग्यतामा दृश्य तथा प्रदर्शनी कला, सङ्गीत, नृत्य, मनोप्रेरणा, रचनात्मकता र नेतृत्व क्षमता पर्छन् । विद्यार्थीहरूलाई एक भन्दा बढी क्षेत्रहरूमा पनि पहिचान गरिन सक्छ ।

## ? अतिरिक्त जानकारी:

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं । कृपया तपाईंले आफ्नो बच्चालाई घरमा र जाँचको बन्दोबस्तीको उपलब्धतामा कसरी सहयोग गर्न सक्नु हुन्छ भन्ने कुराको जानकारी लिन आफ्नो विद्यार्थीका शिक्षकलाई सम्पर्क गर्न संकोच नमान्नुहोस् ।

**थप सूचना: मूल्याङ्कनहरू**
निम्न वेबसाइट भ्रमण गर्नुहोस्:

- http://assessments.dpsk12.org

तपाईंसँग मूल्याङ्कनको सम्बन्धमा कुनै पनि प्रश्न वा सरोकारहरू छन् भने कृपया सिधैँ आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् वा Family Constituency Services लाई (720) 423-3054 मा फोन गर्नुहोस् ।